नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
जिल्ला विकास समितिको कार्यालय

## आन्तरिक आय ठेक्का बन्दोबस्तका लागि सिलबन्दी बोलपत्र/दरभाउ पत्र सम्वन्धी सूचना

### प्रथम पटक प्रकाशित मिति :२०७३।०४।१२

यस कार्यालयले स्थानीय स्वायत्त शासन ऐनको २०५५ को दफा २१५ र २१८ एवं स्थानीय स्वायत्त शासन नियमावली, २०५६ (संशोधन सहित) को नियम २०७ अनुसूची-२३ (१), (२), (५) र (६) बमोजिम आगामी आ.व. २०७३/७४ को लागि देहायमा उल्लेखित शीर्षकहरूबाट आन्तरीक आय कर- दस्तुर संकलन कार्य ठेक्का बन्दोबस्त गरी बोलपत्र तथा दरभाउ पत्रको प्रकृयाबाट गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूबाट तपसिल वमोजिमको शर्तहरूको अधिनमा रही बोलपत्र प्रस्ताव छुट्टा छुट्टै प्रस्ताव पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | आय ठेक्का नं | शीर्षक | ठेक्काको न्यूनतम कूल ठेक अंक ( मु.अ.क. बाहेक) रू. | वोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १. | २०७३/०७४ ०१ | ढुङ्गा गिटी वालुवा,रोडाको उत्खनन् गरि जिल्ला भित्र र वाहिर विक्रि तथा निकासी शुल्क | १०,००,०००।०० | १०००।०० | प्रथम पटक १५ दिन अबधिको सूचना |
| २. | २०७३/०७४ ०२ | पटके सवारी साधन कर ( निम्न सडकहरूमा )<br>(क) सदरमुकाम कामीडाडा थेचम्बु सडक<br>(ख) खहरे काबेली पुर्णेडाडा सडक<br>(ग) थुम्बेदीन सिनाम आम्बेगुदीन सडक<br>(घ) गुम्बाडाडा तानपा ६ हुदै हाङदेवा गढीडाडा ( फुरूम्बु) सडक<br>ङ) फावाखोला सिकैचा तेल्लोक सडक<br>च) तानपा ६ हुदै हाङदेवा फुरूम्बु लिमखिम ९ शिवा बजार जाने सडक<br>छं) साब्लाखु लिम्बुदीन आंखोप सडक | ११५,०००।०० | ३००।०० | प्रथम पटक १५ दिन अबधिको सूचना |
| ३. | २०७३/०७४ ०३ | कृषि,वन तथा पशुजन्य बस्तुहरूको जिल्ला निकासी कर | ५५,००,०००।०० | १०००।०० | प्रथम पटक १५ दिन अबधिको सूचना |

क्रमश:

स्थानीय विकास अधि

शर्तहरू :-

क. यो सूचनामा प्रकाशित भएको बोलपत्र तथा शिलबनी दरभाउपत्रको हकमा सूचना प्रकाशित भएको मितिले पन्ध्रऔं दिन (सो दिन विदा परे त्यसपछि कार्यालय खुलेको पहिलो दिन ) कार्यालय समय भित्र वोलपत्र/दरभाउपत्र खरिद गरि सोह्रऔं दिनको १२.०० वजे भित्र **जिविसको कार्यालयमा वा जिल्ला प्रशासन कार्यालय/ताप्लेजुङ नगरपालिका कार्यालय ताप्लेजुङमा** पनि दर्ता गर्न सकिनेछ । सोहि दिनको २.०० वजे कोष तथा लेखा नियन्त्रक कार्यालय, जिल्ला प्रशासन कार्यालय र ठेकेदारका प्रतिनिधिहरूको रोहवरमा यस कार्यालयमा खोलिनेछ । ठेकेदारका प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

ख. ढुंगा, गिट्टी, वालवा, रोडाको उत्खनन् गरी जिल्ला भित्र र बाहीर विक्री तथा निकासी गर्ने सम्बन्धमा IEE गरिएका निम्न खोलाहरूको तोकिएको स्थानहरूबाट मात्र उत्खनन् गर्न सकिने छ ।

१, थेचम्बु गाविस वडा नं. ५ को काबेलीखोला पूल देखी ५३२. मिटर माथीको उत्खनन् क्षेत्र ।

२, नाङ्खोल्याङ गाविस वडा नं. ६ को काबेलीखोला पूल देखी ५५०.मिटर तलको उत्खनन् क्षेत्र ।

३, नाङ्खोल्याङ गाविस वडा नं. ८ को फेनेबुङ तमोरनदी पहिलो उत्खनन् क्षेत्र ।

४, ताप्लेजुङ न.पा.वडा नं.१ को हान्दुङ दोभान भन्दा १५५०.मिटर माथी तमोरनदी दोश्रो उत्खनन् क्षेत्र ।

५, ताप्लेजुङ न.पा.वडा नं.५को दोभानको झोलुङ्गे पुल भन्दा ६००.मि.माथी तमोरनदी तेश्रो उत्खनन् क्षेत्र ।

६, चांगे गाविस वडा नं.५को दोभानको झोलुङ्गे पुल भन्दा १०००.मि. तल तमोरनदी चौथो उत्खनन् क्षेत्र ।

ग. वोलपत्र तथा दरभाउपत्र पेश गर्ने व्यक्ति भए नेपाली नागरिकताको प्रमाण-पत्र तथा फर्म वा कम्पनि भए फर्म वा कम्पनी दर्ता प्रमाणपत्र र आ.व. २०७१/७२ सम्मको कर चुक्ता गरेको प्रमाण-पत्रको प्रतिलिपि फारमसाथ अनिवार्य रूपमा पेश गर्नुपर्ने छ ।

घ. बोलपत्र दाताले आफूले कवोल गरेको कवोल अंकको पांच प्रतिशतले हुन आउने धरौटी वापतको रकम ने.वै.ली ताप्लेजुङमा रहेको यस कार्यालयको धरौटी खाता नं.ग-३/५१ मा जम्मा गरेको सक्कल बैंक भौचर वा बोलपत्र खालिने मितिबाट कम्तिमा १२० दिन मान्य अवधि रहेको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको बिडबण्ड पेश गर्नु पर्नेछ ।

ङ. ठेक्काको अवधि ठेक्का सम्झौता भएको मिति देखि २०७४ साल आषाढ मसान्तसम्म हुनेछ ।

च. ठेक्काको कबोल अंक ठेकेदारले एकमुष्ट बुझाई संझौता गरेमा नियमानुसार १०% रकम छुट दिईनेछ, किस्तावन्दीमा ठेक्का अंक भुक्तानी गर्ने भएमा छूटको व्यवस्था लागु हुने छैन साथै कबोल अंक बराबरको धरौटी बापत नगदै वा नियमानुसारको बैंक जमानतपत्र पेशगर्नु पर्ने छ ।

छ. यस सम्वन्धमा थप कुरा बुझनु परेमा कार्यालय समयभित्र जिविसमा सम्पर्क राख्न सकिने छ ।

ज. वोलपत्र तथा दरभाउपत्र स्वीकृत गर्ने नगर्ने अधिकार यस कार्यालयमा सुरीक्षत रहने छ ।

झ, यस सूचनामा उल्लेख भए वाहेक अन्य कुराहरू प्रचलित कानुन वमोजिम हुनेछ ।

नेपाल सरकार
जिल्ला विकास समितिको कार्यालय
ताप्लेजुङ

२०७३/०४/११

केशब भट्टराई
स्थानीय विकास अधिकारी